# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२०३ बारा, २०८३ भदौ २८ गते आईतबार / प्रतिपदा / नेपाल संवत् ११४६ / Sunday, September 13 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## थुनुवा छुटाइदिने भन्दै रकम असुली गर्ने पक्राउ



रौतहट,२७ भदौ/प्रहरीसंग पहुँच भएको बताएर थुनुवा छुटाइदिने भन्दै एक लाख रुपैयाँ असुली गरेको आरोपमा रौतहटको गरुडा नगरपालिका( ९ श्रीपुरबाट एक जना पक्राउ परेका छन ।

प्रहरीले स्थानीय शेख हुस्नैनलाई ठगी कसुरमा पक्राउ गरी अनुसन्धान अघि बढाएको हो ।

श्रीपुरमा केही दिनअघि भएको झगडाको क्रममा प्रहरीमाथि दुर्व्यवहार गरेको आरोपमा रामजन मियाँ पक्राउ परेका थिए । त्यसपछि हुस्नैनले रामजनकी श्रीमतीसँग प्रहरीसँग कुरा गरेर मुद्दा मिलाइदिने र थुनुवालाई छुटाइदिने आश्वासन दिँदै एक लाख रुपैयाँ लिएको प्रहरीले जनाएको छ ।

तर रकम बुझाएपछि पनि रामजन नछुटेपछि उनकी श्रीमतीले आफू ठगीमा परेको भन्दै इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दिनुभएको थियो । सोही जाहेरीका आधारमा हुस्नैन पक्राउ परेका हुन् ।

हुस्नैन गत स्थानीय तहको निर्वाचनमा वडा अध्यक्ष पदका प्रत्याशी समेत रहेका थिए । हाल उनलाई इलाका प्रहरी कार्यालय गरुडाको नियन्त्रणमा राखेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख प्रहरी नायब उपरीक्षक शंकरप्रसाद आचार्यका अनुसार प्रहरीको नाममा रकम असुली गर्ने कार्य गम्भीर विषय भएकाले जाहेरीका आधारमा

बाँकी तेश्रो पेजमा

## सिरहामा आफ्नै पार्टीका नेता-कार्यकर्ताद्वारा शिक्षामन्त्री पोखरेलको विरोध



जनकपुरधाम, २७ भदौ/सिरहाको औरही गाउँपालिकामा आयोजित एक कार्यक्रममा सहभागी हुन पुग्नुभएका सङ्घीय सरकारका शिक्षा मन्त्री एवं सरकारका प्रवक्ता सस्मित पोखरेल आफ्नै पार्टीका स्थानीय नेता(कार्यकर्ताले विरोध गरेपछि बोल्दाबोल्दै कार्यक्रमस्थलबाट बाहिरिनु परेको छ ।

औरही गाउँपालिकाको शिक्षा शाखाको आयोजनामा भएको कार्यक्रममा सहभागी हुन मन्त्री पोखरेल सिरहा पुग्नुभएको थियो । तर, कार्यक्रममा स्थानीय पार्टी नेतृत्वसँग समन्वय नगरिएको र आफ्नै पार्टीका नेता( कार्यकर्तालाई अपमान गरिएको भन्दै विरोध भएपछि केहीबेर होहल्लाको अवस्था सिर्जना भएको हो ।

स्थानीय रास्वपाका एक नेताका अनुसार कार्यक्रममा सिरहाबाट प्रतिनिधित्व गर्ने दुई जना प्रतिनिधिसभा सदस्य सहभागी भए पनि स्थानीय नेता( कार्यकर्तासँग कुनै प्रकारको समन्वय गरिएको थिएन ।

'अन्तिम समयमा मात्रै खबर गरियो । तर, कार्यक्रममा आएपछि पनि स्थानीय नेता(कार्यकर्तालाई कुनै स्थान दिइएन । उल्टै अपमानजनक व्यवहार गरियो,' ती नेताले भने । उनका अनुसार औरही गाउँपालिकाका नगर सभापति तथा पत्रकार सन्तोषकुमार यादवलाई समेत कार्यक्रममा आसन ग्रहणका लागि स्थान दिइएन ।

त्यसपछि यादव चुपचाप भिडियो खिचिरहेका बेला मन्त्री पोखरेलसँगै आएका एक व्यक्तिले सुरक्षाकर्मीको सहयोगमा उहाँको मोबाइल खोस्ने प्रयास गरेपछि विवाद थप चर्किएको ती नेताको दावी छ ।

'बाहिरबाट आएका माननीयहरूलाई स्थान दिइने, तर आफ्नै पार्टीका स्थानीय शीर्ष नेताहरूलाई खबरसमेत नगर्ने ? यो कस्तो समन्वय हो ?' ती नेताले प्रश्न गरेका थिए ।

उनका अनुसार कार्यक्रममा सहभागी हुन आएका नेता(कार्यकर्तालाई समेत पीए र पीएसओको प्रयोग गरेर बाहिर निकाल्न खोजिएको थियो । सोही कार्यक्रमकोबीच स्थानीय पार्टी नेतृत्वमाथि निरन्तर अपमानजनक व्यवहार भएको भन्दै जिल्ला समन्वय समितिका नेता दिनेश महतोले समेत विरोध जनाउनुभएको थियो । कार्यक्रममा भिडियो खिच्नसमेत रोक लगाएपछि नगर सभापति यादवले आपत्ति जनाउँदै बोल्न थाल्नुभएको थियो । त्यसपछि अन्य नेता(कार्यकर्ताले समेत उहाँको समर्थनमा कार्यक्रमस्थलमा होहल्ला गरेको बताएको छ ।

जिल्लाका विभिन्न कार्यक्रममा सहभागी हुन शिक्षा मन्त्री पोखरेल दुई दिनदेखि सिरहामा हुनुहुन्छ । उहाँसँगै सिरहा क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य शिव यादव र रास्वपाका सहमहामन्त्री एवं प्रतिनिधिसभा सदस्य पुरुषोत्तम यादवसमेत कार्यक्रममा सहभागी थिए ।

## वीरगञ्जको मेनरोड विस्तारको काम सोमबारसम्म सक्ने लक्ष्य



वीरगञ्ज, २७ भदौ/वीरगञ्जको मुख्य सडक (मेनरोड) विस्तारको काम आगामी सोमबारसम्म सम्पन्न गरिने भएको छ ।

सडक सीमाभित्र रहेका अधिकांश संरचना हटाइसकिएको र बाँकी संरचना हटाउने काम पनि तीव्र गतिमा भइरहेको सडक डिभिजन कार्यालय हेटौंडाले जनाएको छ ।

सडक डिभिजन कार्यालय हेटौंडाका इन्जिनियर तथा वीरगञ्जका लागि तोकिएका फोकल पर्सन दुर्गा प्रसादका अनुसार अहिले सिद्धार्थ बैंक, पमपम बिल्डिङ र हनुमान मन्दिर पछाडिका केही संरचना हटाउने काम भइरहेको छ । यसअघि सडक विस्तारका क्रममा घरधनीले आंशिक रूपमा मात्रै संरचना भत्काएका कारण अधुरा रहेका संरचना पनि हटाउन थालिएको उहाँले बताउनुभयो ।

त्यस्तै, घण्टाघरदेखि माइस्थान चोकसम्मको सडकखण्डमा केही भवन सडकको मध्यबिन्दुबाट कायम हुनुपर्ने दूरीका विषयमा अन्योल देखिएपछि पुनः नाप जाँच गरिने भएको छ । उक्त नाप जाँचको कामसमेत एक साताभित्र सम्पन्न गर्ने योजना रहेको प्रसादले जानकारी दिनुभयो ।

'आउँदो सोमबारसम्म मुख्य सडक विस्तारसम्बन्धी सम्पूर्ण काम सक्ने लक्ष्यसहित काम भइरहेको छ,' उहाँले भन्नुभयो । सडक विस्तारका लागि सडक डिभिजन कार्यालय हेटौंडाले सुरुमा उत्तरतर्फ गण्डक क्षेत्रबाट र त्यसपछि दक्षिणतर्फ मितेरी पुलबाट एकैसाथ आधा दर्जनभन्दा बढी डोजर परिचालन गरेको थियो ।

डिभिजन कार्यालयले पहिलो चरणमा गत वैशाख ६ र ७ गते मुख्य सडक क्षेत्रमा करिब १ हजार २ सय घर तथा भवनमा डोजर चलाएको थियो । त्यस क्रममा अधिकांश संरचनाको अगाडिको भाग हटाइएको थियो ।

सडक सीमाभित्र परेका संरचना सम्बन्धित घरधनीलाई २५ दिनभित्र आफैं हटाउन आग्रह गरिएको थियो । तोकिएको समयसीमा सकिँदासमेत धेरै संरचना यथावत् रहेपछि सडक डिभिजनले दोस्रो चरणको अभियान अघि बढाएको हो ।

दोस्रो चरणमा बाँकी रहेका संरचना हटाउने तथा सडक विस्तारका क्रममा देखिएका प्राविधिक समस्या समाधान गर्ने काम भइरहेको कार्यालयले जनाएको छ ।

## जीतपुरमा गणेश चतुर्थी पूजामा भदौ २९ गते हात्ती र घोडासहित शोभायात्रा निकालिने




जीतपुर,२७ भदौ/बाराको जीतपुरमा यस वर्षको गणेश चतुर्थी पूजाको तयारी तीव्र पारिएको छ । सिद्धी विनायक पूजा समितिको आयोजनामा हुन लागेको गणेश चतुर्थी महोत्सवलाई भव्य र सभ्य रूपमा सम्पन्न गर्न समितिले तयारी गरिरहेको छ ।

पूजा समितिका अध्यक्ष श्रीराम साहका अनुसार भदौ २९ गते सोमबारका दिन हात्ती, घोडा र बाजागाजासहित भव्य शोभा यात्रा निकालिने छ । भदौ २९ गतेदेखि सुरु हुने धार्मिक कार्यक्रम असोज ४ गतेसम्म चल्नेछ ।

एक हप्तासम्म लगातार सञ्चालन हुने यस महोत्सवमा हरेक दिन विशेष पूजाआजा, भव्य आरती र धार्मिक प्रवचनका कार्यक्रमहरू आयोजना गरिनेछ । यसका साथै भक्तजनहरूको मनोरञ्जन र भक्तिभाव बढाउन प्रत्येक दिन कलाकारहरूको सांगीतिक प्रस्तुतिसमेत रहनेछ ।

यस वर्षको पूजामा प्रसाद वितरणलाई मुख्य आकर्षणको रूपमा लिइएको छ । महोत्सव अवधिभर प्रत्येक दिन ५० किलो लयु प्रसादका रूपमा वितरण गरिनेछ भने यस वर्ष विशेष आकर्षणका रूपमा २८० किलोको एउटै विशाल लयु बनाएर चढाइने भएको छ

असोज ४ गते विशेष प्रसाद वितरणपछि यस वर्षको गणेश चतुर्थी पूजाको समापन गरिने जनाइएको छ ।

## एमाले जीतपुरसिमराले असोज महीनाभित्र वडा अधिवेशन सम्पन्न गर्ने



सिमरा, २७ भदौ/नेकपा एमालेको 'मिसन पार्टी जागरण अभियान' अन्तर्गत जीतपुरसिमरा उपमहानगर कमिटीको बैठक शनिबार सिमरास्थित जिफन्ट कार्यालयमा सम्पन्न भएको छ ।

नगर कमिटी अध्यक्ष त्रिलोक बिक्रम शाहको अध्यक्षतामा बसेको बैठकमा विभिन्न तहका शिर्ष नेता र नगर कमिटी पदाधिकारी तथा सदस्यको उपस्थिति रहेको थियो ।

बैठकमा प्रमुख अतिथिका रुपमा सहभागी भएका एमाले केन्द्रीय सदस्य, जिल्ला इन्चार्ज एवम् पूर्वसांसद अच्युत मैनालीले एमालेलाई जनस्तरसम्मै थप सुदृढ र अनुशासित बनाउन 'मिसन पार्टी जागरण अभियान' को ठूलो भूमिका रहने बताउनुभयो । मैनालीले संगठन विस्तार, पार्टी शुद्धीकरण र जनतासँगको सम्बन्धलाई अझ प्रगाढ बनाउन सबै नेताकार्यकर्ताहरू एकजुट भएर लाग्न अनुरोध गर्नुभयो ।

यसैगरी एमाले केन्द्रीय सदस्य एवम् पूर्वमन्त्री ज्वालाकुमारी साहले पार्टीको विचार र नीतिलाई तल्लो तहका जनतासम्म पुर्‍याउन अभियानलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो । उहाँले स्थानीय तहमा पार्टीलाई एक नम्बरको शक्ति बनाउन कार्यकर्ताहरूले

बाँकी तेश्रो पेजमा

## वडा नम्बर १९ को अध्यक्षमा पटेल

सिमरा, २७ भदौ/नेकपा एमाले जीतपुरसिमरा उपमहानगर कमिटी अन्तर्गत वडा नं. १९ को वडा अधिवेशन शनिबार सम्पन्न भएको छ । पूर्ववडा अध्यक्ष तथा वडा कमिटी अध्यक्ष सुदन दास तत्माको अध्यक्षतामा सम्पन्न अधिवेशनले रामनाथ पटेलको अध्यक्षतामा २७ सदस्यीय नयाँ वडा कमिटी सर्वसम्मत् चयन गरेको छ ।

नवगठित कमिटीको उपाध्यक्षमा जैनुला नेदिन देवान, सचिवमा सुशीलप्रसाद चौधरी तथा उपसचिवहरूमा संजयकुमार दास र मोहनी देवी चौधरी चयन भएका छन् ।

यसैगरी कमिटीको सदस्यहरूमा रामकुमार चौधरी, जोखु चौधरी, भरोस चौधरी, यशोदा देवी कुर्मी, झगुलाल साह, वीरबहादुर राम, उमरावती देवी राम, रामा चौधरी, सुरेन्द्र चौधरी, सहिद मंसुर, वकिल मिया, नसिम अख्तर, मुकेश साह, वीरबहादुर चौरसिया,

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय.......

# शिक्षामन्त्री बोल्दै गर्दा किन मच्चियो विवाद ?

मधेशमा शिक्षामन्त्री सहभागी कार्यक्रममा बोल्ने क्रममा विवाद उत्पन्न भएको घटना सामान्य विषय होइन ।

शिक्षा जस्तो संवेदनशील क्षेत्रसँग सम्बन्धित कार्यक्रममा मन्त्री स्वयं सहभागी हुँदा त्यहाँ शान्त, मर्यादित र सम्मानजनक वातावरण बन्नुपर्ने अपेक्षा गरिन्छ । तर शिक्षामन्त्री बोल्न थालेलगत्तै विवाद उत्पन्न हुनु दुःखद र गम्भीर विषय हो ।

कार्यक्रममा विचार, असहमति र प्रश्न उठ्नु लोकतान्त्रिक अभ्यासको स्वाभाविक हिस्सा हो । तर असहमति व्यक्त गर्ने नाममा कार्यक्रम नै प्रभावित हुने, वक्तालाई बोल्न नदिने वा असहज वातावरण सिर्जना गर्ने प्रवृत्तिले समस्याको समाधान गर्दैन । बरु यसले समाजमा संवाद र सहकार्यको संस्कार कमजोर बनाउँछ ।

मधेश लामो समयदेखि शिक्षा, रोजगारी, पूर्वाधार र सामाजिक विकासका विभिन्न चुनौतीसँग जुधिरहेको क्षेत्र हो । यस्तो अवस्थामा राजनीतिक दल, जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, अभिभावक तथा नागरिक समाजबीच खुला संवाद आवश्यक छ । शिक्षा सुधारका विषयमा मतभेद भए पनि त्यसलाई छलफल र तथ्यका आधारमा समाधान खोजिनुपर्छ ।

शिक्षामन्त्रीले पनि जनताका गुनासा र असन्तुष्टिलाई केवल विरोधका रूपमा नहेरी त्यसको कारण बुझ्ने प्रयास गर्नुपर्छ । सरकारको जिम्मेवारी कार्यक्रम आयोजना गर्नु मात्र होइन, नागरिकका प्रश्नको जवाफ दिनु र विश्वासको वातावरण निर्माण गर्नु पनि हो ।

त्यसैले मधेशमा भएको यो विवादलाई राजनीतिक प्रतिष्ठाको विषय बनाउनुको सट्टा यसको वास्तविक कारण खोजिनुपर्छ । सम्बन्धित पक्षले संयमता अपनाउँदै संवादमार्फत समाधान खोजे मात्र यस्ता घटना दोहोरिनबाट रोक्न सकिन्छ । शिक्षा क्षेत्रलाई राजनीतिक विवादभन्दा माथि राखेर विद्यार्थीको भविष्य र सार्वजनिक हितलाई प्राथमिकता दिनु आजको आवश्यकता हो ।

# विपतपछि बस्ती व्यवस्थापन

इन्डोनेसिया र श्रीलङ्कामा सुनामीपछिका पुनर्निर्माणका पाठ नेपालका लागि केही हदसम्म उपयोगी हुन सक्छन् तर हाम्रो भौगोलिक र सामाजिक परिवेश फरक छ । भोटेकोशी बाढीले नदी तटीय क्षेत्रमा घर मात्र होइन; जमिन नै बढारेको छ । यस्तो अवस्थामा बहुप्रकोप जोखिम क्षेत्रको पहिचान, उच्च जोखिमयुक्त क्षेत्रको सिमाना यकिन गरी त्यस्ता क्षेत्रमा भवन, सडक तथा अन्य पूर्वाधार निर्माण कार्य निरुत्साहित गर्नु जरुरी छ ।

इतिहासको लामो कालखण्डमा हामीले बहुप्रकोप झेल्दै आएका छौँ । हरेक विपत्को धुलो, हिलो र भग्नावशेषबाट उठ्दै आएका छौँ । उत्थानशील बन्नका लागि नयाँ पाठ सिक्ने क्रममा केही गल्तीबाट पुनः सिक्दै अघि पनि बढिरहेका छौँ । यस अवस्थामा हामी पछिल्लो समय भोटेकोशीको अस्वाभाविक र असामान्य विपत् झेल्न बाध्य भएका छौँ । विसं २०८३ भदौ १० गते बुधबार लाङटाङ लिरुङ शिखरको उत्तरी भागबाट खसेको ठुलो हिमखण्ड ल्हेन्देखोला तटमा बजारिँदा जम्मा भएको पानी, लेदो, बरफ र चट्टानको थुप्रो तीव्र गतिले बग्दा भोटेकोशी नदीमा विनाशकारी बाढी आयो । यो बाढीले रसुवा, नुवाकोट र धादिङमा अकल्पनीय मानवीय तथा भौतिक क्षति गऱ्यो । यो क्षतिबाट गोरखा र चितवन जिल्लासमेत प्रभावित भए । भोटेकोशी नदी तटका रसुवागढी नाकासँगै टिमुरे, स्याफ्रुबेँसी, खाल्टे, वेत्रावती, त्रिशूलीलगायतका बजार र बस्तीको ठुलो हिस्सा बाढीसँगै बढारियो । बाढीको परिभाषाभित्र अटाउनै नसक्ने अस्वाभाविक गति, गहिराइ र उचाइमा बग्दै वरिपरिका मानव बस्ती र संरचनालाई सोहोर्दै, पुर्दै र सिङ्गो मानव सभ्यतालाई नै अवाक् बनाउँदै भोटेकोशीले वितण्डा मच्चायो । यो विपत्ले निकै गहिरो चोट र घाउ लगाएको छ । साथै नेपालमा जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव र त्यसले भयावह रूपमा निम्त्याउने खतरा पनि उजागर गरेको छ ।

खोज, उद्धार, उपचार, सान्त्वना, अस्थायी आवास, मानवीय सहायताको निरन्तरतासँगै सहज र सुलभ अन्तरिम आवास, शिक्षा, स्वास्थ्य, सरकारी सेवा प्रवाहको निरन्तरता, जीविकोपार्जन, सामाजिक-आर्थिक पुनर्स्थापना र आगामी पुस्ताले यो हदको पीडा झेल्न नपर्ने गरी उत्थानशील बस्तीको योजनामा जुटिहाल्नुपर्ने बोध समयले हामी सबैलाई गराएको छ ।

### जोगिनुपर्ने बाध्यता




मानव सभ्यताको विकास नदी किनाराबाटै भएको तथ्य जगजाहेरै छ । सभ्यता विकासको क्रममा नदीसँग मिल्दै, पौँठेजोरी खेल्दै अघि बढेको समाज पछिल्लो समय जलवायु परिवर्तनको प्रत्यक्ष प्रभावका कारण नदीजन्य अनेक विपत् झेल्न बाध्य छ । यसले मानवीय र भौतिक क्षति बढाएको छ । विसं २०६९ वैशाख २३ गते अन्नपूर्ण हिमालको चट्टान खसेर सेतीमा उर्लिएको बाढी र नदी तटीय क्षेत्रमा ठुलो जनधनको क्षति भयो । विसं २०७१ साउन १७ गते सिन्धुपाल्चोकको माङ्खा जुरेमा गएको पहिरो र सुनकोशी नदी थुनिँदाको भयावह बाढी तथा जलविद्युत् आयोजनालगायतका संरचना र तटीय बस्तीमा भएको क्षति यसका केही उदाहरण हुन् । यसै गरी विसं २०८० साउन २८ गते मुस्ताङको कागखोलामा अचानक गेग्यान र लेदोसहित आएको बाढी र त्यसले कागवेनी बजारक्षेत्रमा पुऱ्याएको भौतिक क्षति, विसं २०८१ असोज ११ गते काठमाडौँ उपत्यकाभित्रका नदीमा गएको भीषण बाढी र त्यसका कारण भएको मानवीय क्षति, भोटेकोशी नदीमै विसं २०८२ असार २४ गते ल्हेन्देखोलाबाटै उर्लिएको बाढी र टिमुरे भन्सारलगायतका क्षेत्रमा भएको जनधनको क्षति पछिल्ला थप उदाहरण हुन् ।

बाढीको स्वरूप डरलाग्दोसँग बढेको देखिन्छ । यी घटनाको निरन्तरता र पछिल्लो विकराल स्वरूपले मानव बस्ती र भौतिक विकासको अहिलेको शैलीमाथि आफूले आफैँलाई प्रश्न गर्दै सुरक्षित अवतरणको बाटो रोज्नैपर्ने देखिन्छ । जलवायु परिवर्तनको प्रभावका रूपमा पनि यी घटनालाई विश्लेषण गरिएको छ । यस सन्दर्भमा रसुवा-नुवाकोट सेरोफेरोको भोटेकोशी-त्रिशूली तटीय क्षेत्र मात्र होइन; देशैभरका समग्र नदी र खोला किनारा देख्दा शान्त, सुन्दर तर विपत् जोखिमको निकट रहेका बस्तीमाथि हामीले चिन्तन गर्नुपर्ने छ । साथै भविष्यका यस्तै विपत्हरूबाट जोगिने प्रस्थानविन्दुका रूपमा यो पछिल्लो घटनालाई लिनुपर्ने देखिन्छ ।

### आवास व्यवस्थापन

बाढीले कतिपय ठाउँमा समग्र बस्ती नै बगाएको, परिवारका सदस्य बेपत्ता भएका, परिवारमा महिला, बालबालिका वा वृद्धवृद्धा मात्र रहेका जस्ता विवरण आइरहेका छन् । यसको औपचारिक सर्वेक्षण प्रतिवेदन सार्वजनिक हुन बाँकी छ । बाढीले प्रभावित क्षेत्रको पारिवारिक संरचना नराम्रोसँग खल्बल्याएको र राज्यबाट उनीहरूको सामाजिक, आर्थिक, भौतिक रूपमा पुनर्स्थापना गर्नुपर्ने भने देखिन्छ । यसमा केही सकारात्मक पहल पनि सुरु भइसकेका छन् । 'होल्डिङ सेन्टर' मा आश्रय लिइरहेका बाढी प्रभावित नागरिकलाई थप मानवोचित पूर्वाधारसहित अन्तरिम बस्तीको व्यवस्थापन गरी त्यहाँबाट शीघ्र सार्नुपर्ने देखिन्छ । त्यसबाहेक बजारक्षेत्रमा अस्थायी आवासको व्यवस्थापन कार्य सुरु नहुँदासम्म उपयुक्त घर पहिचान गरी भाडामा बस्ने बन्दोबस्त मिलाउनुपर्ने प्रसङ्ग पनि आएका छन् । विदुर नगरपालिकाले नगरक्षेत्रका बाढी प्रभावित नागरिकका लागि भाडामा बस्न तत्कालका लागि नगद उपलब्ध गराउने र आधारभूत सामग्रीसमेत उपलब्ध गराउने निर्णय गरेको छ । बजारक्षेत्रमा भाडामा बस्ने व्यवस्था मिलाउनु आपत्कालीन समयका लागि एउटा विकल्प भए पनि अन्य क्षेत्र र अन्य समूहका लागि व्यवस्थित अन्तरिम बस्ती र आवासको व्यवस्थापन अपरिहार्य छ ।

यस पटकको बाढीले अस्थायी/अन्तरिम आवास नै कहाँ बनाउने भन्ने यक्ष प्रश्न खडा गरिदिएको छ । भूकम्पको विपत्मा घरको भग्नावशेष सफा गरेर तथा केही हदसम्म भग्नावशेषको समेत व्यवस्थापन (झ्याल, ढोका, छानाको सामग्री) गरी राज्यले तय गरेको मापदण्ड तथा सहायता रकम अनुरूप अस्थायी आवासको व्यवस्थापन हुने गर्थ्यो । खानेपानी, सरसफाइलगायतका संरचना पूर्ण रूपमा नखल्बलिएको अवस्था पनि थियो । यतिबेला बाढीले बढारेको समग्र क्षेत्रलाई पुनः सफा गरेर तथा आधारभूत सुरक्षात्मक उपाय अवलम्बन गरेर त्यहीँ अस्थायी आवास क्षेत्रका रूपमा विकास गर्न सम्भव र उचित दुवै देखिँदैन । त्यसले भविष्यमा थप नयाँ सङ्कट निम्त्याउन सक्छ । यसबाहेक बाढी क्षेत्रको फैलावट र कटानसम्बन्धी 'स्याटेलाइट' तस्बिरहरू नियाल्दा नदी तटीय क्षेत्रभन्दा मास्तिरका बस्तीसमेत थप जोखिममा परेका छन् कि भन्ने भान हुन्छ । यसमा थप अध्ययन र विश्लेषण गर्नुपर्ने देखिन्छ । भविष्यको सुरक्षित र उत्थानशील बस्तीको योजना गरिरहँदा व्यवस्थित र सुरक्षित बस्तीको घेराभित्र अस्थायी/अन्तरिम आवास र त्यस्ता बस्तीलाई पनि समेट्ने गरी प्रारम्भिक बहुप्रकोप जोखिम मूल्याङ्कनका आधारमा तत्कालका लागि सुरक्षित, व्यवस्थित र उपयुक्त स्थान चयन गरी सकेसम्म भएका बस्तीमा समायोजन गर्ने गरी बाढी प्रभावित व्यक्तिलाई पुनर्स्थापन गर्ने विकल्प उपयुक्त हुन सक्छ ।

### एकीकृत बस्ती

आन्तरिक बस्ती र आवास व्यवस्थापनको काम सम्पन्न गर्ने क्रममै विस्थापित परिवारका लागि दीर्घकालसम्म सुरक्षित, व्यवस्थित र योजनाबद्ध बसोबासबारे बेलैमा सोच्न जरुरी छ । यसको प्रस्थानविन्दुका रूपमा रसुवागढी-त्रिशूली कोरिडोरको भविष्यको विकासको मार्गचित्रलाई लिनुपर्ने हुन्छ । अब यो कोरिडोरमा राजमार्गको विकास कुन हिसाबले हुन्छ, त्यसै अनुरूप भविष्यका उत्थानशील सहरबस्तीको विकास गर्नुपर्ने हुन्छ । उक्त क्षेत्रमा जलविद्युत् आयोजनामा भएको ठुलो लगानी र त्यसको पुनरुत्थान, दुई देशबिचको भन्सार नाका, पर्यटकीय गतिविधिलाई ध्यान दिँदै सुरक्षित राजमार्गको मार्गचित्र तय गरेपछि मात्र भविष्यको विपत् उत्थानशील एकीकृत बस्ती विकासको काम अघि बढाउन सकिन्छ । आर्थिक-सामाजिक-सांस्कृतिक पक्षलाई ध्यान दिँदै सबै हिसाबले चलायमान एकीकृत बस्ती बनाउन सकिएन भने एकातिर ठुला लगानी गरेर बनाइएका बस्ती खाली हुने र नदी किनारमा एकपछि अर्को गर्दै घर, होटेल, पसल बन्दै जाने र विपत्को चक्रबाट उम्कन नसकिने जटिल परिस्थितिबाट हाम्रो समाज गुज्रनुपर्ने हुन सक्छ । त्यसकारण समुदायसँगको परामर्श, छलफल र स्वामित्वलाई विशेष महत्व दिएर स्थानीय सरकारसँगको सघन सहकार्यमा यी काम अघि बढाइनु पर्छ ।

### अन्तर्राष्ट्रिय अभ्यास

भोटेकोशीको बाढीलाई हिमाली सुनामी पनि भनिएको प्रसङ्गमा

बाँकी तेश्रो पेजमा




किस्ताबन्दिमा आफुले खरिद गर्न चाहेको सामानहरू खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरुमा डाउन पेमेन्ट गर्नु पर्छ र बाकि रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरुमा रु १००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरित्ताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाकि रकमको १ चेक १ वर्षको भाखा राखि दिनु पर्नेछ ।

## विपतपछिबस्ती...

सुनामीपछिको पुनर्निर्माणको चर्चा सान्दर्भिक देखिन्छ। २६ डिसेम्बर, सन् २००४ मा इन्डोनेसियाको सुमात्रा टापुमा गएको नौ रेक्टरको भूकम्प र त्यसपछिको सुनामीका कारण इन्डोनेसिया, भारत, थाइल्यान्ड, श्रीलङ्कालगायतका देशको तटीय क्षेत्रमा जनधनको निकै ठुलो क्षति भएको थियो। मानवीय क्षतिको आँकडा निकाल्नै मुस्किल हुने खालको विपत् आएकाले यससम्बन्धी तथ्याङ्क पनि विभिन्न प्रतिवेदनमा फरक फरक भेटिन्छन्। राष्ट्रसङ्घीय प्रतिवेदनमा जनाइए अनुसार उक्त विपत्तिका कारण करिब दुई लाख २८ हजार व्यक्तिले ज्यान गुमाउनुका साथै करिब १५ लाख व्यक्ति विस्थापित भएका थिए। उक्त सुनामीका कारण इन्डोनेसियामा मात्र एक लाख ६७ हजार ५४० व्यक्तिले ज्यान गुमाएका थिए। सोही सुनामीका कारण श्रीलङ्कामा ३५ हजार व्यक्तिले ज्यान गुमाएका थिए। ७० हजार घर पूर्ण रूपमा नष्ट हुनुका साथै ३० हजार घर क्षतिग्रस्त भएका थिए। उक्त सुनामीको तीन महिनापछि इन्डोनेसियाको नियास क्षेत्रमा गएको अर्को भूकम्पमा परी थप करिब ७० हजार व्यक्ति विस्थापित भएका थिए।

पुनर्निर्माण योजनाको सुरुवातमा आचेह-नियास क्षेत्रमा समुद्रनजिकका अत्यधिक जोखिमयुक्त बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने र तटीय क्षेत्रमा 'बफर जोन' कायम गर्ने अवधारणा अघि सारिएको थियो तर प्रभावित परिवारको आफ्नो जग्गा, समुदाय, सामाजिक सम्बन्ध एवं जीविकोपार्जनसँगको बलियो सम्बन्धका कारण व्यापक पुनर्वास चुनौतीपूर्ण देखियो र यो प्रारम्भिक अवधारणलाई परिमार्जन गर्नु पर्‍यो। सम्भव भएका स्थानमा केही समुदायलाई आफ्नै क्षेत्रमा सुरक्षित रूपमा फर्कने र पुनर्निर्माण गर्ने अवसर दिँदै जोखिम न्यूनीकरण, सुरक्षित बस्ती योजना, पूर्वाधार तथा सेवाको एकीकृत विकासमा जोड दिइएको थियो। पुनर्निर्माण प्रक्रियामा समुदायको सहभागितालाई विशेष महत्व दिइएको थियो। घरसँगै सडक, खानेपानी, सरसफाइ, सार्वजनिक स्थान तथा अन्य सामुदायिक पूर्वाधारलाई बस्ती योजनासँग जोडेर विकास गरिएको थियो। सुनामीका कारण भूमि सीमा तथा स्वामित्वसम्बन्धी अभिलेख हराएका स्थानमा भूमि पहिचान, नक्साङ्कन र स्वामित्व सुनिश्चित गर्ने काम पनि महत्वपूर्ण बन्यो। साथै ठुलो पुनर्निर्माणको काम भएकाले अन्तर समन्वय, निर्माण सामग्रीको आपूर्ति, स्थानीय निर्माण क्षमता र गुणस्तर नियन्त्रण जस्ता चुनौती पनि देखा परे। युएन ह्याबिट्याटले आचेह-नियासमा तीन हजार ४५० स्थायी घर निर्माण गर्नुका साथै अन्य ससाना बस्ती विकास योजनालाई सहभागितामूलक प्रक्रियाबाट तयार गर्न सहयोग गरेको थियो। घरको डिजाइन गर्दा घरधनीसँग परामर्श गर्ने, जग बनाउँदा घरधनीले आफ्नो आर्थिक अनुकूलता हेरेर भविष्यमा थप्न मिल्ने गरी डिजाइन गर्ने, घरको भित्री बनावट र बाहिरको रङ चयन घरधनीलाई नै गर्न दिने जस्ता उपायले समुदायमा अपनत्व वृद्धि भएको उक्त पुनर्निर्माण कार्यमा संलग्न भएका युएन ह्याबिट्याटका विज्ञ विनोद श्रेष्ठ बताउनुहुन्छ।

श्रीलङ्कामा सुनामीपछि तटीय क्षेत्रमा पुनः जोखिम हुन सक्ने भन्दै समुद्रबाट निश्चित दुरीसम्म 'बफर जोन' कायम गरी केही प्रभावित परिवारलाई अन्यत्रको सुरक्षित स्थानमा स्थानान्तरण गरिएको थियो तर नयाँ स्थानमा सारिएका परिवारले आफ्नो पुरानो समुदाय, सामाजिक सम्बन्ध तथा विशेष गरी समुद्रमा आधारित जीविकोपार्जनबाट टाढा हुनु परेका कारण कठिनाइ भोग्नु पर्‍यो। यसपछि सरकारले सन् २००५ अप्रिलमा आफ्नो आवास नीति परिमार्जन गर्दै नयाँ 'बफर जोन' तोक्यो; जसमा विस्थापित ४० हजार परिवारले परिमार्जित 'बफर जोन' भित्र आफ्नै जग्गामा घर बनाउने अनुमति पाए। आवास नीति परिमार्जनसँगै पुनर्निर्माणको महत्वपूर्ण जिम्मेवारी जिल्ला आयुक्तलाई हस्तान्तरण गरिएको थियो। सुनामी प्रभावित परिवारलाई आफ्नै समुदायभित्र समाहित हुने गरी तथा आफ्नो घर तथा समुदायको पुनर्निर्माण आफ्नै नेतृत्वमा गर्ने (नेपालमा गोरखा भूकम्पमा जस्तै) अवधारणा अघि सारियो। स्थानीय समुदायसँग परामर्श गरी आवास, बस्ती र आधारभूत पूर्वाधार योजना बनाउने काम गरियो। युएन ह्याबिट्याटले श्रीलङ्काका छ वटा तटीय जिल्लामा १० हजार २९६ घर पुनर्निर्माणमा सहयोग गरेको थियो। यी दुवै अनुभवले जोखिम न्यूनीकरण र समुदायको सामाजिक-आर्थिक आवश्यकताबिच सन्तुलन कायम गर्नु तथा स्थानान्तरण आवश्यक भएमा समुदायसँग पर्याप्त परामर्श, सुरक्षित आवास र जीविकोपार्जनको स्रोत सुनिश्चित गर्नु जरुरी रहेको देखाउँछ

### निष्कर्ष

इन्डोनेसिया र श्रीलङ्कामा सुनामीपछिका पुनर्निर्माणका पाठ नेपालका लागि केही हदसम्म उपयोगी हुन सक्छन् तर हाम्रो भौगोलिक र सामाजिक परिवेश फरक छ। भोटेकोशी बाढीले नदी तटीय क्षेत्रमा घर मात्र होइन; जमिन नै बढारेको छ। यस्तो अवस्थामा बहुप्रकोप जोखिम क्षेत्रको पहिचान, उच्च जोखिमयुक्त क्षेत्रको सिमाना यकिन गरी त्यस्ता क्षेत्रमा भवन, सडक तथा अन्य पूर्वाधार निर्माण कार्य निरुत्साहित गर्नु जरुरी छ।

अहिलेको पुस्ताले भोगेको असामान्य विपत् र कष्ट अर्को पुस्ताले भोग्नु नपरोस् भन्नका लागि बस्ती तहमा मात्र होइन; समग्र हिमाली र तटीय क्षेत्रमा वैज्ञानिक अध्ययन र सूचना आदानप्रदान प्रणाली व्यवस्थित गरिनु पर्छ। जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना तथा चेतावनी प्रणालीको सुदृढीकरण, हिमालय क्षेत्रमा भइरहेका परिवर्तन र त्यसले निम्त्याउन सक्ने समस्या सम्बन्धमा थप अध्ययनलगायतका काम गरिनु पर्छ। उच्च जोखिमयुक्त नदी तटीय क्षेत्रमा बिस्तारै घर बन्दै जाने र पुनः आर्थिक कोरिडोर बन्ने शैलीलाई नीतिगत रूपले नै रोक्नतर्फ सार्थक पहल गरिनु जरुरी देखिन्छ। यस कार्यका लागि तिनै तहका सरकार, निजी क्षेत्र, विकास साझेदार संस्था र नागरिक समाज सबैले साझा दायित्वका रूपमा हातेमालो गर्नु पर्छ।

**साभार: गोरखापत्र**

# प्रिमियर कपको उपाधि जित्दै नेपाल एसिया कपमा छनोट

काठमाडौं, २७ भदौ/एसीसी प्रिमियर कपको उपाधि जितेसँगै नेपाल एसिया कपमा छनोट भएको छ।

मलेसियाको क्वालालम्पुरमा शनिबार भएको एसीसी प्रिमियर कपको फाइनलमा नेपालले यूएईलाई पराजित गरेको हो। यो जितसँगै नेपालले एसिया कपका लागि सिट पक्का गरेको छ।

एसिया कप अर्को वर्ष बंगलादेशमा हुनेछ। आयोजक बंगालादेशसँगै भारत, पाकिस्तान, श्रीलंका र अफगानिस्तान एसिया कपका लागि छनोट भइसकेका छन्।

एसीसी प्रिमियर कप विजेता टोली पनि एसिया कपका लागि छनोट हुने व्यवस्था छ। आजको जितसँगै नेपाल पनि एसिया कप खेल्ने भएको हो।

नेपालले यूएईलाई ४४ रनले पराजित गरेको हो। नेपालले दिएको ३१४ रनको लक्ष्य पछ्याउने क्रममा यूएई ४९.२ ओभरमा सबै विकेट गुमाएर २६८ रनमा समेटियो।

यूएईका लागि राहुल चोप्राले शतक बनाए। उनले १०५ बलमा तीन चौका र चार छक्काको मद्दतमा शतक बनाएका हुन्।

त्यस्तै, शोयब खानले ५२, तानिस सुरीले ४२, हरप्रित सिंहले ३३ र खुजैमा तनवीरले १५ रन बनाए। अन्य खेलाडीले दोहोरो अंक जोड्न सकेनन्।

नेपालका लागि करण केसीले तीन, ललित राजवंशीले दुई, सन्दीप लामिछाने, दीपेन्द्रसिंह ऐरी, रोहित पौडेल र गुल्सन झाले एक(एक विकेट लिए।

यसअघि नेपालले आसिफ शेखको शतकका नौ विकेट गुमाएर ३१३ रन बनाएको थियो। नेपालका लागि आशिफले १०६ बलमा आठ चौका र चार छक्काको मद्दतले १०४ रन बनाएका थिए।

त्यस्तै, गुल्सन झाले ५२, अर्जुन कुमालले ४३, रोहित पौडेलले ४०, दीपेन्द्रसिंह ऐरीले १८, बसिर अह्मदले १५, इशान पाण्डेले १३, सन्दीप जोराले सात, करण केसी र ललित राजवंशीले एक(एक रन बनाए।

यूएईका लागि इब्रार अह्मदले चार, खुजैम तनवीरले दुई, हैदर अली र अदीब उस्मानीले एक(एक विकेट लिएका थिए।

## एमाले जीतपुरसिमराले ...

गाउँ(गाउँ र टोल(टोलमा पुगेर संगठन निर्माणमा खट्नुपर्ने भनाइ राख्नुभयो।।

यसैक्रममा मधेस प्रदेश कमिटीका सचिव मनोज पौडेलले एमालेप्रतिको जनविश्वास बढाउन संगठनात्मक अनुशासन र वैचारिक स्पष्टता आवश्यक रहेको उल्लेख गर्नुभयो। पौडेलले मिसन जागरण अभियानले पार्टीका संरचनाहरूलाई चलायमान बनाउने र आगामी दिनमा पार्टीलाई थप उचाइमा पुर्‍याउने विश्वास व्यक्त गर्नुभएको छ।

बैठकमा प्रदेश सचिवालय सदस्य एवम् पूर्व प्रदेश सांसद सुन्दर विक, प्रदेश कमिटी सदस्य एवम् प्रदेश सांसद देवनारायण चौधरी, प्रदेश कमिटी सदस्यहरू किशोर शर्मा, सीता गुरुङ, हालै मनोनित भएका प्रदेश सदस्यहरू आनन्द थामी र इश्वर ढकाल, प्रदेश वित्त विभाग सदस्य दिनेश्वर ठाकुर, जिल्ला कमिटी सचिव अमृत शर्मा बजगाईं र जिल्ला सचिवालय सदस्य एवम् जीतपुरसिमरा उपमहानगरपालिकाका नगर उपप्रमुख भोलाप्रसाद अधिकारी, एमाले बाराको लेखा समिति संयोजक रमेश सापकोटा, जिल्ला कमिटी सदस्यहरु, एमालेबाट निर्वाचित जनप्रतिनिधिहरु, नगरका पदाधिकारी तथा सदस्यलगायतको उपस्थिति रहेको थियो।

बैठकले हालै रसुवामा आएको विनाशकारी बाढी प्रभावित क्षेत्रका नागरिकहरूको उद्धार, राहत तथा पुनर्स्थापनाका काममा गम्भीर र जिम्मेवार बन्न सरकारको ध्यानाकर्षण गराएको छ। बैठकले घटनाप्रति दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय समेत गरेको छ।

यसैगरी पार्टीका संगठनात्मक गतिविधिलाई तीव्रता दिन बैठकले आगामी असोज महिनाभित्रै उपमहानगरपालिकाका सबै वडा अधिवेशनहरू सम्पन्न गर्ने निर्णय गरेको छ। बैठकले असोज महिनामै अगुवा युवा कार्यकर्ताहरूका लागि अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने निर्णय गरेको नगर अध्यक्ष शाहले जानकारी दिनुभयो।

नगर उपाध्यक्ष कैमुदिन अंसारीले स्वागत मन्तव्य दिएको सो बैठकको सहजीकरण रवीन्द्र खकुरेलले गनुभएको थियो।

# १५ औं महाधिवेशनका लागि भन्दै देउवा समूहले खटायो केन्द्रीय प्रतिनिधि

काठमाडौं २७ भदौ/नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा पक्षधरले १५ औं महाधिवेशनका लागि जिल्ला(जिल्लामा प्रतिनिधिहरू पठाएको छ।

देउवा समूहले पूर्वमहामन्त्री डा. शशांक कोइरालाको संयोजकत्वमा गठन गरेको १५ औं केन्द्रीय महाधिवेशन तयारी समितिले शनिबार केन्द्रीय प्रतिनिधिहरू खटाएको हो।

जिल्लादेखि वडासम्मका विभिन्न ६ वटै तहका अधिवेशनका लागि ३ असोज भित्र तयारी समितिहरू गठन गर्ने गरी केन्द्रीय प्रतिनिधिहरू खटाइएको सचिवालय समन्वय समिति संयोजक दीपकप्रसाद कुइँकेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

'केन्द्रीय कार्यसमितिको आधिकारितासम्बन्धी विवाद सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा कथित विशेष महाधिवेशन पक्षले महाधिवेशनको कार्यतालिका सार्वजनिक गरी अधिवेशनको गतिविधि गर्न लागेकोले १४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिले नेपाली कांग्रेसको १५ औं महाधिवेशन गर्नुपर्ने वैधानिक दायित्व भएको छ,' विज्ञप्तिमा भनिएको छ।

# चीनका नयाँ पुस्तामा ५० वर्ष अघि निधन भइसकेका माओप्रति एकाएक आकर्षण बढ्यो

काठमाण्डौं,२७ भदौ/माओ त्सेतुङको निधन भएको ५० वर्ष बित्यो। तर यसबेला आधुनिक चीनका नयाँ पुस्ता, विशेषगरी 'जेन(जी' भनिने युवाहरूमाझ माओप्रतिको आकर्षण अप्रत्याशित रूपमा बढिरहेको छ।

चिनियाँ युवाहरू हिजोआज अनलाइन प्लेटफर्महरूमा माओलाई 'नेता' भन्दा पनि 'शिक्षक' को रूपमा प्रस्तुत गरिरहेका छन्। चिनियाँ भिडिओ प्लेटफर्म 'बिलिबिली'मा माओको युवाकाल र नेतृत्वसँग सम्बन्धित भिडिओहरूले लाखौं भ्युज पाइरहेका छन् भने हजारौं सकारात्मक कमेन्टहरू आइरहेका छन्।

चीनको प्रतिष्ठित चिङ्वा विश्वविद्यालयको पुस्तकालयमा सन् २०१९ यता माओका रचनाहरू सबैभन्दा धेरै खोजिने पुस्तक बनेका छन्। जानकारहरूका अनुसार, यसको मुख्य कारण इतिहासप्रतिको प्रेम मात्र नभई वर्तमान चिनियाँ समाजप्रतिको युवाहरूको निराशा हो।

पछिल्लो तथ्याङ्कअनुसार चीनमा युवा बेरोजगारी झन्डै १८ प्रतिशत पुगेको छ। हप्ताको ६ दिन, बिहान ९ बजेदेखि राति ९ बजेसम्म काम गर्नुपर्ने बाध्यता र प्रतिस्पर्धाले युवाहरू थकित छन्।

## थुनुवा छुटाइदिने भन्दै....

पक्राउ गरी जिल्ला अदालत गौरबाट म्याद लिएर थप अनुसन्धान भइरहेको छ।

सोही घटनामा गरुडा( ९ का वर्तमान वडा अध्यक्ष राजेश सहनीविरुद्ध पनि थुनुवा छुटाइदिने भन्दै रकम असुली गरेको आरोपमा जाहेरी परेको छ। प्रहरी नायब उपरीक्षक आचार्यका अनुसार सहनीमाथि लागेको आरोपबारे पनि अनुसन्धान भइरहेको छ।

सहनीले भने आफूले रामजनलाई छुटाउन कसैसँग पनि रकम नलिएको भन्दै आरोप अस्वीकार गर्नुभएको छ।

# सल्यानमा जिप दुर्घटना हुँदा ३ जनाको मृत्यु, ३ घाइते

काठमाण्डौं,२७ भदौ/सल्यानको त्रिवेणी गाउँपालिका( ५ सिम्कमा भएको बोलेरो जिप दुर्घटना मृत्यु हुनेको संख्या तीन पुगेको छ। अरु तीन जना घाइते भएका छन्।

शनिबार बिहान सिम्कबाट लुहाम हुँदै दाङतर्फ जाँदै गरेको लु.प्र.०२( ००१ ज ०००५ नम्बरको बोलेरो आफैं अनियन्त्रित भई सडकबाट करिब ९० मिटर तल खसेर दुर्घटना भएको हो।

दुर्घटनामा त्रिवेणी गाउँपालिका( ६ पोखरीका ८ वर्षीय रेशम बुढाथोकी, त्रिवेणी गाउँपालिका(५ सल्लेका करिब १८ वर्षीया विपना बुढाथोकी र ५० वर्षीय डिल्लीबहादुर वलीको मृत्यु भएको प्रहरीले जनाएको छ।

रेशम र विपनाको सल्यानमै मृत्यु भएको हो भने डिल्लीबहादुरको उपचारका क्रममा दाङमा मृत्यु भएको प्रहरीले जनाएको छ।

## वडानम्बर १९ को...

रामबालक दास, सन्तोषप्रसाद यादव, फुलादेवी राम, देवन दास, सीता राम, शान्तिदेवी दास, नागेश्वर दास र रामनारायण रामलाई चयन गरिएको छ।

नवनिर्वाचित कमिटीका पदाधिकारीहरुलाई कार्यक्रमका प्रमुख अतिथि एमाले केन्द्रीय सदस्य, बारा जिल्ला इन्चार्ज एवम् पूर्वसांसद अच्युत मैनालीले पद तथा गोपनीयताको सपथ ग्रहण गराउनुभएको थियो।

## प्रधानमन्त्री राहतक...

रुपैयाँ निकासा गरिसकेको छ।

यस्तै कोषका दुई वटा बैंकका डलर खातामा पनि रकम जम्मा भैरहेको छ। आज बिहानसम्म कूल दुई करोड ३४ लाख ३८ हजार ८४७ अमेरिकी डलर पुगेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ






# बालेन सरकार जनताको चाहना अनुसार चल्न सकेन : पूर्वप्रधानमन्त्री नेपाल



वीरगञ्ज, २७ भदौ/पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले बालेन शाह नेतृत्वको वर्तमान सरकारप्रति जनताको ठूलो अपेक्षा भए पनि सरकारले जनताको चाहनाअनुसार काम गर्न नसकेको आरोप लगाउनुभएको छ।

वीरगञ्जमा शनिबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सह(संयोजकसमेत रहनुभएका नेपालले भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका क्रममा सरकारले बेपत्ताको खोजी तथा उद्धारमा ढिलाइ गरेका कारण थप जनधनको क्षति भएको दाबी गर्नुभयो।

'देश अहिले विपत्तिमा छ। हिमाली सुनामीका कारण ठूलो जनधनको क्षति भएको छ,' नेपालले भन्नुभयो, 'खोजी कार्यमा सरकारले पर्याप्त ध्यान दिन सकेको छैन। समयमै भारत र चीन सरकारको सहयोग लिन सक्नुपर्थ्यो। त्यसैले भोटेकोशी बाढीका क्रममा सरकार धेरै ठाउँमा चुकेको छ।'

संविधानको रक्षा, संघीयता र समावेशिता जोगाउन परिवर्तनकारी शक्तिहरूबीच कार्यगत एकता आवश्यक रहेको बताउनुभएको हो।

अहिले लोकतन्त्र, संघीयता, समावेशिता लगायतका संवैधानिक अधिकार कटौती हुने खतरा बढ्दै गएको भन्दै उहाँले त्यसको रक्षाका लागि परिवर्तनकारी शक्तिहरू एकजुट हुनुपर्ने बताउनुभयो।

'संविधान सामान्य परिवर्तनबाट आएको होइन, अहिले हामीलाई संविधान जोगाउने चिन्ता छ,' उहाँले भन्नुभयो, 'मुख्य कुरा संघीयता र समावेशिता जोगाउने चिन्ता हो। जनताले सुशासनको महसुस गर्न पाइरहेका छैनन्। त्यसैले परिवर्तनकारी शक्ति एकजुट भएर अगाडि बढ्नुको विकल्प छैन।'

पूर्वप्रधानमन्त्री नेपालले नेकपा (एमाले)सँग तत्काल पार्टी एकता सम्भव नरहेको स्पष्ट पार्दै मुलुकको समृद्धि र विकासका लागि सबै कम्युनिष्ट पार्टीबीच कार्यगत एकता भने आवश्यक रहेको बताउनुभयो।

उहाँले गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा भएका घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने मागसमेत गर्नुभयो।

समाजवादी प्रेस संगठन नेपाल पर्साका अध्यक्ष शम्भु कुमार सुमनको अध्यक्षतामा भएको पत्रकार भेटघाट कार्यक्रममा मधेस प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिश पटेल, नेकपा पर्साका सह(इन्चार्ज मनोज चौधरी, जिल्ला संयोजक जयप्रकाश थारु, गंगा खड्का, बाबुराम कौशिक, केन्द्रीय सदस्य किशोरी कुशवाहा लगायतकाको पनि उपस्थिति थियो।

# टुक्रा पारिएको अवस्थामा घरको सेफ्टी ट्याङ्कीभित्र युवकको शव फेला

जनकपुरधाम, २७ भदौ/महोत्तरीको बलवा नगरपालिका ७ बनौटास्थित एक घरको सेफ्टी ट्याङ्कीभित्र युवकको शव टुक्रा(टुक्रा पारिएको अवस्थामा फेला परेको छ। भङ्गाहा नगरपालिका ६ बस्ने अशोककुमार वातरका २२ वर्षीय छोरा विवेककुमारको शव भेटिएको हो।

भदौ १४ गते साँझ जलेश्वर नगरपालिका ९ पिगौनास्थित दिदीको घरबाट मोटरसाइकलमा घरतर्फ फर्कने क्रममा विवेक बेपत्ता हुनुभएको थियो। छोरा हराएपछि मृतकका बुबाले भदौ १६ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा हुलियासहित खोजतलासका लागि निवेदन दिनुभएको थियो।

प्रहरीले खोजतलास गर्ने क्रममा बनौटाका अशोककुमार ठाकुरको घरपछाडि रहेको सेफ्टी ट्याङ्कीभित्र बीभत्स रूपमा काटिएको अवस्थामा शव बरामद गरेको हो। घटनाको अनुसन्धानका लागि प्रहरीले घरधनी ५८ वर्षीय अशोककुमार ठाकुर, उनकी ५५ वर्षीया श्रीमती रामकली देवी र २२ वर्षीया बुहारी सोनुकुमारी ठाकुरलाई नियन्त्रणमा लिएको छ।

महोत्तरी गाउँपालिका ५ बस्ने ३७ वर्षीय सियाराम शर्मालाई पनि पक्राउ गरी प्रहरीले थप छानबिन अघि बढाएको छ।

# भारतीय अवैध कुखुराको अबैध आयातले रौतहटका किसान संकटमा




रौतहट, २७ भदौ/खुला सीमाको फाइदा उठाउँदै भारतबाट भइरहेको बोइलर कुखुराको अवैध आयातले रौतहटका स्थानीय कुखुरापालक किसान तथा व्यवसायी मर्कामा परेका छन्।

अवैध आयात तत्काल नियन्त्रण नगरिए कुखुरा व्यवसाय नै धरापमा पर्ने र हजारौं किसानको लगानी डुब्ने चेतावनी व्यवसायीहरूले दिएका छन्।

जिल्ला कुखुरा व्यावसायिक किसान सङ्घका अनुसार रामपुरखाप, बंकुल, नरकटिया, खापघिउरा र मोतिपुर मट्सरीलगायत सीमावर्ती नाकाबाट दैनिक ठूलो परिमाणमा भारतीय कुखुरा नेपाल भित्र्याउने गरिएको छ। सीमा क्षेत्रका नेपाली फार्ममा राखेर स्वदेशी उत्पादनको नक्कली बिल बनाई बजारमा पठाउने गरिएको दाबीसमेत किसानहरूले गरेका छन्।

सङ्घका सचिव राधेश्याम साहका अनुसार दाना र औषधिको मूल्य बढेका कारण नेपालमा कुखुरा उत्पादन लागत प्रतिकिलो २५० देखि २६० रुपैयाँसम्म पुगेको छ। भारतबाट सस्तो मूल्यमा आउने कुखुरासँग प्रतिस्पर्धा गर्नुपर्दा नेपाली किसानले उत्पादन लागतसमेत उठाउन नसकेको उहाँले बताउनुभयो।

अवैध रूपमा भित्र्याइने कुखुराको क्वारेन्टाइन तथा स्वास्थ्य परीक्षण नहुँदा पशुपन्छीजन्य रोग फैलिन सक्ने जोखिमसमेत बढेको किसानहरूको भनाइ छ। यसले स्थानीय कुखुरा व्यवसायसँगै उपभोक्ताको स्वास्थ्यमा समेत असर पार्न सक्ने किसानहरुको भनाइ छ।

तस्करी नियन्त्रणको माग गर्दै किसानहरूले ज्ञापनपत्र बुझाउने, धर्ना दिने र अनसन बस्नेसम्मका आन्दोलन गरे पनि समस्या समाधान हुन नसकेको सङ्घले जनाएको छ। किसानहरूले सीमा क्षेत्रमा हुने तस्करीको निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेका छन्।

प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेलले सीमा क्षेत्रको वास्तविक अवस्था बुझेर तस्करी रोक्न आवश्यक कदम चालिने बताउनुभएको छ।

भारतीय कुखुराको अवैध आयात नरोकिए स्थानीय उत्पादनको बजार गुम्ने, किसानको लगानी जोखिममा पर्ने र रोजगारीमा समेत असर पर्ने व्यवसायीहरूले बताएका छन्।

# मधेश प्रदेश सरकारद्वारा अस्थायी स्वास्थ्यकर्मीलाई कामकाजमा नखटाउन निर्देशन



जनकपुरधाम, २७ भदौ/मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अस्थायी दरबन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई तत्काल अन्यत्र कामकाजमा नखटाउन र हाजिर नगराउन निर्देशन जारी गरेको छ।

आर्थिक वर्ष २०८३/०८४ का लागि नयाँ अस्थायी दरबन्दी स्वीकृत नभएसम्म गत आर्थिक वर्षमा कार्यरत जनशक्तिलाई जथाभावी अन्य कार्यालयमा खटाउने कार्य रोक्न मन्त्रालयले मातहतका सबै स्वास्थ्य निकायलाई पत्राचार गरेको हो।

मन्त्रालयका अधिकृत सातौं बच्चैलाल साह तेलीद्वारा हस्ताक्षर गरिएको पत्रमा गत असार मसान्तसम्म अस्थायी दरबन्दीमा रहेका कर्मचारीलाई अन्यत्र कामकाजमा खटाउन वा नयाँ कार्यालयमा हाजिर गराउन पूर्ण रोक लगाइएको स्पष्ट पारिएको छ।

प्रदेश मन्त्रिपरिषद्को गत साउन २८ गतेको निर्णयअनुसार यस व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्न लागिएको हो।

अस्थायी दरबन्दीका कर्मचारीहरूको कामकाज र हाजिरीमा एकरूपता कायम गर्दै प्रशासनिक व्यवस्थापनलाई व्यवस्थित बनाउने उद्देश्यले जारी गरिएको यो निर्देशन प्रदेश स्वास्थ्य निर्देशनालय, प्रादेशिक अस्पताल, स्वास्थ्य कार्यालय, आयुर्वेद चिकित्सालयरू लगायतका विभिन्न निकायहरूमा पठाइएको छ।

# बाढीले बगाएको गरगहनासहित एकजना पक्राउ

काठमाडौं २७ भदौ/रसुवाको भोटेकोशी नदीको बाढीले बगाएको गरगहना फेला पारेर नियतवस लुकाएर राखेको आरोपमा एक जना पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय धादिङका अनुसार पक्राउ पर्नेमा धादिङको गजुरी गाउँपालिका( ६ बन्छेटारका ३५ वर्षीया रामबहादुर तामाङ छन्।

१० भदौको बाढीमा नुवाकोटको विदुर नगरपालिका( १ त्रिशूली बजारमा लिलाबहादुर बोगटी घर बगाउने क्रममा बगेका गरगहना भदौ ११ गते तामाङले फेला पारेको र नियतवस लुकाउन खोजेको सूचना प्राप्त भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार सो कुरा गहना धनी बोगटीले थाहा पाएपछि प्रहरीलाई खबर गरेका थिए।

# प्रधानमन्त्री राहत कोषमा आज बिहानसम्म साढे १३ अर्ब रूपैयाँ मौज्दात

काठमाण्डौ २७ भदौ/भोटेकोशी बाढी प्रभावित क्षेत्रका लागि प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्ने क्रम निरन्तर छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार आज बिहानसम्म कोषको खातामा झण्डै १३ अर्ब ५४ करोड नौ लाख रुपैयाँ मौज्दात छ। कार्यालयका अनुसार हिजो बेलुका ५ बजेपछि आज बिहानसम्म २८ करोड २० लाख १४ हजार ३६६ रुपैयाँ




थपिएको छ।

राहत रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौ वटा बैंकमा रहेको छ। सरकारले यसअघि यो कोषबाट बाढीपीडितका नाममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत एक अर्ब

बाँकी तेश्रो पेजमा

# सडकपेटीमै बच्चा जन्माएकी बबिता पासवानलाई ८५ हजार सहयोग

जनकपुरधाम, २७ भदौ/सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालअगाडि सडकपेटीमै बच्चा जन्माएकी बबिता पासवानलाई नर्वेमा रहेका नेपाली महिलाहरूले आर्थिक सहयोग गरेका छन्।

पैसाको अभावमा अस्पतालबाट बाहिरिन बाध्य भएपछि गत मंगलबार राति सडकपेटीमै सुत्केरी हुनुपरेको घटनाले दुःखी भएको र मानवीय सहयोगस्वरूप रकम जुटाएको सहयोगकर्ता शिवानी श्रेष्ठले बताउनुभयो। नर्वेमा रहेका १९ जना नेपाली महिलाले ८५ हजार रुपैयाँ ववितालाई सहयोग गरेको उहाँको भनाइ छ। उक्त रकम बबिताकोखातामा पठाइएको छ। सहयोग गर्नेहरूमा शिवानी श्रेष्ठ, शान्ति पुन अग्रेजा, नीतु थापा, कुमारी राना मगर, पवित्रा लिम्बू, रेखा लिम्बू, रेखा थापा, सजना घोरसाइनी, सन्ध्या कार्की, जोइभिन (जोबेन) बाल्मेओ, निक्की उपफ्लोड, लिस सेभेन्सरुड, प्रणी क्रिस्टोफर्सेन, अन्जोलिका बर्ग, अन्जु परियार, हिरा सुनुवार, राम माया फगामी, ता माया पुन र सुनिता लिम्बू रहेका छन्।

सहयोग रकमले नवजात शिशु र सुत्केरी आमाको तत्कालीन आवश्यकता पूरा गर्न केही राहत पुग्ने विश्वास उनीहरुको छ।

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.ली., बिरगंज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक:- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:- गोकुल घोरसाइने., सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के. एस. मल्टिप्रपोज प्रा.ली. बिरगंज, पर्सा ०५१-५९१८७३